# तिनाउ गाउँपालिका
Tinau Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३/Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या /Letter No.:
चलानी नं. /Ref. No.: ९४
सूचना नं०

**कार्यपालिकाका बैठकका निर्णयहरु सार्वजनिक गरिएको सूचना!**

(सार्वजनिक मितिः २०८३।०६।१३)

तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०६।१२ गते भएको १०९ औं गाउँकार्यपालिका बैठकमा देहायका निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीको लागि निर्णयहरु सार्वजनिक गरिएको छ ।

**देहायः**

१. मिति २०८३ असोज ८ गतेदेखी ११ गते सम्म परेको अविरल वर्षाको कारण गाउँपालिकामा भएको क्षतिको वडागत रुपमा विश्लेषण गरियो । नागरिकहरुका भौतिक संरचनामा भएको क्षतिको वडा कार्यालय र स्थानीय प्रहरी चौकीको समन्वयमा मुचुल्का तयार पारी पालिकाको विपद् ब्यवस्थापन समितिमा पेश गर्ने र पहिरोले गर्दा बन्द रहेका सडकहरु यथाशीघ्र संचालन गर्न वडा नं ३ र ६ मा पालिकाको डोजर प्रयोग गर्ने तथा वडा नं. १, ४ र ५ मा घण्टा बेसिसमा डोजर भाडामा लिई (जिल्ला दररेटमा तोकेको प्रतिघन्टाको दरमा नवढ्ने गरी) संचालन गर्ने र डोजर भाडाको खर्च रकम सम्बन्धित वडाको दशैं मोटरबाटो सोरसार शीर्षकबाट खर्च गर्ने,

२. बालमैत्री स्थानीय शासन सम्बन्धमा वडागत रुपमा हासिल भएका सूचकहरुको समीक्षा गरी बाँकी रहेका सूचकहरु हाँसिल गर्न भईरहेका प्रयासहरुलाई तीब्रता दिने र वडागत रुपमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दै २०८३ माघ मसान्तभित्रै बालमैत्री स्थानीय शासन घोषणा गर्न अधिकतम पहल गर्ने,

३. नेपाल रेडक्रस सोसाईटी तिनाउ उपशाखाको स्वामित्वमा रही विगत तीन वर्षदेखी बिग्रिएर रहेको एम्बुलेन्स तिनाउ गाउँपालिकाको स्वामित्वमा ल्याई आबश्यक मर्मत सम्भार गरी गाउँपालिकाकै मातहतमा राखी संचालन गर्ने,

४. गाउँपालिकाको स्वीकृत दरवन्दी तेरिज बमोजिम स्थायी पदपूर्ति हुने पदमा रिक्त रहेका लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ र ऐ. नियमावली, २०८१ बमोजिम स्थानीय निजामती सेवाका विभिन्न समुह/ उपसमुह अन्तर्गतका रिक्त पदहरुको विवरण सहितको माग-आकृति फाराम प्रदेश लोक सेवा आयोगमा पठाउने,

५.

क) संघीय सशर्त अनुदानबाट तलव भत्ता खाने गरी विद्यालयहरुमा नियुक्त भएका देहायका शिक्षक/कर्मचारीहरुको संघीय अनुदानबाट प्राप्त हुने तलव – भत्तामा चालु आर्थिक वर्षमा गाउँपालिकाले देहाय बमोजिमको रकम थप गर्ने,

**देहायः**

| सि.न. | पद | संघीय अनुदानबाट प्राप्त हुने रकम | गाउँपालिकाबाट थप हुने रकम | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास सहजकर्ता | १७,०००।०० | ५,०००।०० | २२,०००।०० |
| २ | बालविकास सहजकर्ता (पालिका) | - | २२,०००।०० | २२,०००।०० |
| ३ | लेखा कर्मचारी | २०,०००।०० | ५,०००।०० | २५,०००।०० |
| ४ | विद्यालय सहयोगी | १५,०००।०० | ५,०००।०० | २०,०००।०० |
| ५ | सि.एल. सी.परिचालिका | १२,०००।०० | ८,०००।०० | २०,०००।०० |

ख) मस्याम माध्यमिक विद्यालयमा सञ्चालित छात्रावास व्यवस्थापनमा तिनाउ गाउँपालिबाट तलव भत्ता खाने गरी नियुक्त भएका देहायका पदाधिकारीहरुको चालु आर्थिक वर्षको तलव भत्ता देहाय बमोजिम हुने गरी कायम गर्ने,

**देहायः**

| सि.न. | पद | चालु आ.व. को लागि कायम हुने तलव | कैफियत |
|---|---|---|---|
| १ | होस्टल वार्डेन, छात्र तर्फ | २२,०००।०० | |
| २ | होस्टेल वार्डेन, छात्रा तर्फ | १२,०००।०० | शिक्षक थप |
| ३ | भान्से | १८,५००।०० | |
| ४ | कार्यालय सहयोगी | १८,५००।०० | |

ग) तिनाउ गाउँपालिका वडा नं. २ र ३ मा विपन्नताका कारण हालसम्म सौचालय निर्माण नगरेका नागरिकहरुलाई भुईमा ढलान गरी ट्वाईलेटको प्यान राखी जस्ता पाताले घेरेको र पक्की खाडल निर्माण गर्न वडा स्तरीय अनुगमन समितिको सिफारिसका आधारमा बढीमा रु १०,०००।०० (अक्षरुपी रु दश हजार मात्र) अनुदान उपलब्ध गराउने ।

..........................
(यादव प्रसाद अर्याल)
प्रवक्ता